# १४. जिल्ला विकास समितिको कार्यालय, उदयपुर

१. **आर्थिक कारोबार** – यो वर्ष जिम्मेवारी सहित रु.६ करोड ७९ लाख ५४ हजार आय भएकोमा रु.६ करोड खर्च भएको छ । विस्तृत विवरण अनुसूची १ मा उल्लेख छ ।

२. **अग्रिम कर** – आयकर ऐन, २०५८ अनुसार विभिन्न व्यक्ति तथा संस्थाबाट रु.३९ हजार अग्रिम कर कट्टा नगरेकोले असुल गर्नुपर्दछ ।

३. **अन्य कार्यालयको खर्च** – जिल्ला विकास समितिले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका जिल्लास्थित सरकारी कार्यालयको खर्च व्यहोर्न नपर्नेमा २ कार्यालयलाई रु.१ लाख भुक्तानी दिएको छ ।

४. **कारोबारको निरीक्षण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १३३(२) बमोजिम जिल्ला विकास समितिको सचिवले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहयोग लिई गाउँ विकास समितिको आर्थिक कारोबारको कम्तीमा वर्षको एकपटक निरीक्षण गरी सोको प्रतिवेदन सम्बन्धित गाउँ विकास समिति, जिल्ला विकास समिति र स्थानीय विकास मन्त्रालयमा पेश गर्नुपर्नेमा निरीक्षण गर्ने गरेको छैन ।

५. **प्रशासनिक खर्च** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ४५ अनुसार जिल्ला विकास समितिले ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रु.१९ लाख ६७ हजारको २५ प्रतिशतले रु.४ लाख ९२ हजारसम्म प्रशासनिक कार्यमा खर्च गर्नपाउनेमा रु.२७ लाख ८६ हजार (१४१.६४ प्रतिशत) खर्च गरी रु.२२ लाख ९४ हजार बढी खर्च गरेको छ ।

६. **आन्तरिक लेखापरीक्षण** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३२(१) अनुसार जिल्ला विकास समितिको लेखापरीक्षण समितिकै आन्तरिक लेखापरीक्षण शाखाबाट गराउनुपर्ने व्यवस्था भएकोमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराई रु.२० हजार पारिश्रमिक भुक्तानी गरेको छ ।

७. **पूर्वआन्तरिक लेखापरीक्षण** – स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ का नियम ४९ अनुसार रु.५० हजारभन्दा बढी पेश्की दिँदा वा भुक्तानी गर्दा कानून बमोजिम रित पुगे नपुगेको सम्बन्धमा पूर्वआन्तरिक लेखापरीक्षण गर्नुपर्नेमा सो गरेको छैन ।

८. **रोयल्टी** – स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २११ बमोजिम खानीबाट उठेको रोयल्टीमध्ये ५० प्रतिशतले हुने रु.८ लाख ५० हजार जिल्ला विकास समितिले प्राप्त गर्नुपर्नेमा १० प्रतिशतले हुने रु.१ लाख ७० हजारमात्र असुल गरेको छ ।

९. **ठेक्का असुली** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को परिच्छेद ६ अनुसार समितिले कर, दस्तुर, सेवा शुल्क र भाडा उठाउनसक्ने व्यवस्था छ । गत विगत वर्षदेखि ६६ व्यवसायीसँग रु.२५ लाख ६३ हजार र यो वर्षको रु.४ लाख ७१ हजार समेत रु.३० लाख ३४ हजार असुल गर्न बाँकी रहेकोमा ऐनको दफा २६० अनुसार असुल गर्नेतर्फ कारबाही हुनुपर्दछ ।

१०. **पेश्की** – गत वर्षसम्म रु.१ करोड ३४ लाख ८५ हजारमध्ये रु.१ करोड ३४ लाख ८१ हजार जिम्मेवारी सारेको छ । गत वर्षको पेश्कीमध्ये रु.७ लाख ५५ हजार फछ्र्यौट भई रु.१ करोड २७ लाख २६ हजार बाँकी छ । यो वर्ष रु.४९ लाख थप भई रु.१ करोड ७६ लाख २६ हजार बाँकी रहेको छ । उक्त पेश्की स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को दफा १०२ अनुसार असुल फछ्र्यौट गरिनुपर्छ ।

११. **धरौटी** – आर्थिक वर्षको अन्तमा रु.११ लाख ६५ हजार धरौटी बाँकी रहेको छ ।

१२. **बेरुजू** – बेरुजू वर्गीकरण अनुसूची २ मा छ ।

१३. **स्थानीय विकास कोष**

१३.१. **आर्थिक कारोबार** – यो वर्ष जिम्मेवारी सहित रु.१ करोड ४ लाख ८७ हजार आय भएकोमा रु.५९ लाख ६५ हजार खर्च भएको छ। विस्तृत विवरण अनुसूची ५ मा उल्लेख छ।

१३.२. **जिम्मेवारी** – गत वर्ष रु.२१ लाख ३२ हजार मौज्दात रहेकोमा यो वर्ष रु.३० लाख ४५ हजार जिम्मेवारी सारेको छ। रु.९ लाख १३ हजार बढी जिम्मेवारी सारेको कारण स्पष्ट गरेको छैन।

१३.३. **ऋण असुली** – कोषले लगानी गरेको ऋणपूँजीमध्ये रु.९ लाख ५ हजार भाखा नाघेको छ। उक्त रकम व्याज र हर्जाना सहित असुल गर्नुपर्दछ।

१३.४. **पेश्की** – आर्थिक वर्षको अन्तसम्ममा रु.४७ हजार पेश्की बाँकी रहेको छ।

१३.५. **बेरुजू** – बेरुजू वर्गीकरण अनुसूची ६ मा छ।